# प्रदेशस्तरीय मदरसा शिक्षा व्यवस्थापन कार्यविधि, २०७६

प्रथम संशोधन २०७८।११।१५

Province Government
Ministry of Social Development
Butwal Nepal

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

प्रदेश सरकार

लुम्बिनी प्रदेश

मुकामः बुटवल, नेपाल।

# प्रदेशस्तरीय मदरसा शिक्षा व्यवस्थापन कार्यविधि, २०७६

**प्रस्तावनाः** प्रदेश नं. ५ भित्र बस्ने मुस्लिम समुदायको धार्मिक तथा परम्परागत शिक्षालाई व्यवस्थित गर्दै सो समुदायका बालबालिकाहरुलाई दिँदै आएको मदरसा शिक्षालाई शिक्षाको मूल प्रवाहमा ल्याई शिक्षाको मूलधारबाट बाहिर रहेका मुस्लिम समुदायको बालबालिकाको शिक्षामा पहुँच पुरयाउन र गुणस्तरीय शिक्षा प्रदान गर्न सो समुदायको आवश्यकता र पाठ्यक्रमले निर्दिष्ट गरेअनुरूपको शिक्षाको व्यवस्थापन र विकास गर्न तथा हाल सञ्चालनमा रहेका मदरसाहरुलाई व्यवस्थित गर्दै धार्मिक एवम् परम्परागत शिक्षाको व्यवस्थापन गरी मदरसा शिक्षालाई शिक्षा प्रणालीको मूलधारमा ल्याउने कार्यमा सहजीकरण गर्न वाञ्छनीय भएकाले,

प्रदेश नं. ५, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५" को दफा २ को अधिकार प्रयोग गरी प्रदेश सरकार, प्रदेश नं. ५ ले यो कार्यविधि तयार गरेको छ ।

## परिच्छेद - एक

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "प्रदेशस्तरीय मदरसा शिक्षा व्यवस्थापन(पहिलो संशोधन) कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "प्रदेश" भन्नाले लुम्बिनी प्रदेश सम्झनुपर्छ।

(ख) "मन्त्रालय" भन्नाले प्रदेशको शिक्षा तथा खेलकुद मन्त्रालय सम्झनुपर्छ।

(ग) "कार्यविधि" भन्नाले प्रदेशस्तरीय मदरसा शिक्षा व्यवस्थापन कार्यविधि, २०७८ सम्झनुपर्छ।

(घ) "मदरसा" भन्नाले मुस्लिम समुदायका बालबालिकाहरुको शिक्षाको अधिकार सुनिश्चित गर्नका लागि स्थापित शैक्षिक संस्थाहरुलाई सम्झनुपर्छ।

(ङ) "समन्वय समिति" भन्नाले मुस्लिम समुदायका बालबालिकाको शिक्षा पाउने अधिकारको सुनिश्चितताको लागि स्थापित भैसकेका र आगामि दिनमा स्थापित हुने मदरसाहरुलाई आवश्यकतानुसार समन्वय, सहजीकरण र सहकार्यका लागि दफा ४ अनुसार गठित समितिलाई सम्झनुपर्छ।

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

# परिच्छेद - दुई

## उद्देश्य

३. उद्देश्यः यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) मुस्लिम समुदायका बालबालिकाको शिक्षा पाउने अधिकारको सुनिश्चितताको लागि बैकल्पिक माध्यमका रुपमा स्थापित मदरसाहरुको शिक्षामा मूलप्रवाहीकरणका लागि आवश्यक समन्वय, सहकार्य र सहजीकरण गर्नु,

(ख) मुस्लिम समुदायको धार्मिक तथा परम्परागत शिक्षाका साथसाथै समयानुकूलको गुणस्तरीय शिक्षा विकासमा बालबालिकाको पहुँच सुनिश्चित गरी टेवा पुरयाउने ।

# परिच्छेद - तीन

## समन्वय समिति सम्बन्धी व्यवस्था

४. समिति गठनः (१) दफा ३ बमोजिमको उद्देश्य हासिल गर्नका लागि सहयोग पुर्याउन देहाय वमोजिम सदस्य रहेको एक प्रदेशस्तरीय मदरसा शिक्षा व्यवस्थापन समन्वय समिति गठन हुनेछः

(क) मन्त्री, शिक्षा तथा खेलकुद मन्त्रालय - अध्यक्ष

(ख) प्रतिष्ठित मुस्लिम व्यक्तिहरुमध्येबाट प्रदेश सरकारबाट मनोनित गरेको १ जना- उपाध्यक्ष

(ग) सदस्य, प्रदेश योजना आयोग - सदस्य

(घ) सचिव, अर्थ तथा सहकारी मन्त्रालय - सदस्य

(ङ) सचिव, शिक्षा तथा खेलकुद मन्त्रालय - सदस्य

(च) लुम्बिनी प्रदेश भित्रका स्थानीय तहबाट मदरसा शिक्षामा योगदान पुराएका २ महिला सहित शिक्षा तथा खेलकुद मन्त्रालयले मनोनित गरेका ५ जना सदस्य - सदस्य

(छ) निर्देशक, शिक्षा तथा सामाजिक विकास निर्देशनालय - सदस्य सचिव

(२) मनोनित सदस्यहरुको पदावधि २ वर्षको हुनेछ।

(३) समितिको बैठकमा आवश्यकतानुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(४) समितिले बैठकको कार्यविधि आफै निर्धारण गर्नेछ ।

(५) उपदफा (१) बमोजिमको समितिका उपाध्यक्षले नेपाल सरकारले तोकेको राजपत्राङ्कित द्धितीय श्रेणीका अधिकृतले पाउने सुरु तलबमानसरह मासिक पारिश्रमिक पाउनेछन्।

(६) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (१) को खण्ड (ख) बमोजिमको उपाध्यक्षलाई प्रदेश सरकारले र खण्ड (च) बमोजिमका सदस्यलाई मन्त्रालयले जुनसुकै बखत हटाउन सक्नेछ।

(७) उपदफा (१) बमोजिमका समितिका सदस्यहरुको पारीश्रमिक तथा भत्ता वापतको सुविधा मन्त्रालय वा मातहतको कार्यालयको स्वीकृत बजेट बमोजिम व्यवस्था गर्नुपर्नेछ।

(८) उपदफा (१) बमोजिमको समितिले प्रत्येक शैक्षिक सत्र समाप्त भएको तीन महिना भित्र मन्त्रालय समक्ष आफ्नो वार्षिक प्रतिवेदन पेश गर्नुपर्नेछ।

५. <u>समितिको काम, कर्तव्य र अधिकार:</u> समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) मदरसाहरुलाई व्यवस्थित गरी शिक्षाको मूलधारमा ल्याउनका लागि व्यवस्थापन, अध्ययन अनुसन्धानका क्षेत्रमा आवश्यक सहजीकरण गर्ने,

(ख) मदरसा शिक्षाको विकास र उत्थानमा संलग्न सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरुसँग समन्वय र सहकार्य गर्ने ,

(ग) मदरसा शिक्षा प्रणालीलाई व्यवस्थित गर्न आवश्यकतानुसार गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन गर्ने,

(घ) विद्यमान कानूनमा भएको मापदण्ड अनुसार मदरसाहरुलाई सार्न, गाभ्न तथा नयाँ स्थापनाका लागि सम्वन्धित स्थानीय तहलाई सुझाव प्रदान गर्ने,

(ङ) मदरसामा अध्ययन गर्ने विद्यार्थी, शिक्षक तथा कर्मचारीहरुको तथ्याङ्क तथा अभिलेख अध्यावधिक गर्ने,

(च) मुस्लिम समुदायको धार्मिक परम्परा, साँस्कृतिक महत्त्व र भाषा साहित्यलाई पाठ्यक्रमको अभिन्न अङ्गका रुपमा ग्रहण गरी सामुदायिक विद्यालयमा पठन पाठन हुने पाठ्यपुस्तक समेतको प्रयोगका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने,

(छ) मदरसामा अध्ययनरत विद्यार्थीहरुलाई सामुदायिक विद्यालयका विद्यार्थी सरह पाठ्यपुस्तक, छात्रवृत्ति र खाजाको व्यवस्था गर्न सम्बन्धित स्थानीय तहसँग सञ्चार,समन्वय र सहकार्य गर्ने,

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

(ज) अनुमति प्राप्त नगरी सञ्चालित मदरसाहरुलाई विद्यमान कानून बमोजिम अनुमति लिई सञ्चालन गर्न आवश्यक सहजीकरण गरी उत्प्रेरित गर्ने,

(झ) प्रदेश सरकारबाट धार्मिक विद्यालयहरुका लागि सन्चालन हुने कार्यक्रमहरु संचालन गर्न आवश्यक सहयोग गर्ने ।

## परिच्छेद - पाँच

## विविध

६. <u>अनुगमन सम्बन्धी व्यवस्थाः</u> (१) समितिका उपाध्यक्ष तथा सदस्यहरुले मदरसाहरुको स्थलगत अनुगमन गर्न सक्नेछन् ।(२) उपदफा (१) बमोजिम अनुगमनमा जाँदा उपाध्यक्षले राजपत्राङ्कित द्धितीय श्रेणी सरहको र अन्य सदस्यहरुले राजपत्राङ्कित तृतीय श्रेणी स्तरको भ्रमण खर्च पाउनेछन् ।

७. <u>बैठक भत्ताः</u> बैठकमा सहभागी हुने सदस्यहरुले नियमानुसार बैठक भत्ता र यातायात खर्च पाउनेछन्।

८. <u>अधिकार प्रत्यायोजनः</u> (१) समितिले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार उपाध्यक्ष, सदस्य  वा सदस्य सचिवलाई प्रदान गर्न सक्नेछ।

९. <u>प्रचलित कानून बमोजिम हुनेः</u> यस कार्यविधिमा उल्लेखित भएको हकमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१०. <u>संशोधनः</u> यो कार्यविधि आवश्यकता अनुसार प्रदेश सरकारले संशोधन गर्न सक्नेछ ।